बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

## यूएईको सुपरमार्केटमा रोजगारको अवसर

१. कम्पनी : SPINNEYS DUBAI LLC. शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०७ LT. No.: 289571 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 67 | 0 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stall And Market Salesperson | 430 | 192 | | 2025 | ७३,३४५ | | | | | | | |

२. कम्पनी : FINE FARE FOOD MARKET L.L.C शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०९ LT. No.: 289574 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 45 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Officer | 53 | 20 | | 2025 | ७३,३४५ | | | | | | | |

३. कम्पनी : SPINNEYS ABU DHABI LLC शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०८ LT. No.: 289573 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 243 | 35 | स. काममा दक्ष | 2025 | ७३,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १७ गते देखी मंसिर २४ सम्म (3-10 Dec 2023) सम्म हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ।
उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ।
CHEF, COOK, BARISTA, BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता। फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन। कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ तथा अन्तरवार्तामा सक्कल राहदानी, शैक्षिक प्रमाण पत्र तथा सम्बन्धित कामको अनुभवको प्रमाण पत्र लिई उपस्थित हुनुपर्नेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351



मध्यान्ह
www.madhyanhadaily.com
१४ मंसिर २०८०, बिहीबार
30 November 2023, Thursday

## सम्पादकीय

### सन्देहपूर्ण गतिविधि र अभिव्यक्ति

केही समय यता प्रमुख राजनीतिक दलहरूले गर्दै आएको गतिविधि, निर्णय र नेताहरूले दिने अभिव्यक्तिले अर्थपूर्ण सन्देश दिएको अनुमान लगाउन सकिन्छ । ती सबै अभिव्यक्तिको निशानामा धर्म निरपेक्षता देखिन्छ । बुधबार महोत्तरीको जलेश्वरमा सम्पन्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बैठकले त पार्टीको राजनीतिक प्रतिवेदनको दस्तावेजमा धर्म निरपेक्षता शब्द नै अटाएनन् । उसले सनातन, सहअस्तित्व र धार्मिक–सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्पारिक सम्मान भनेर पञ्छिने काम गरेको छ । जबकी संविधानका अरू अन्तर्वस्तुप्रति रास्वपाले पूर्ण स्वामित्व लिएको छ । धर्मको सन्दर्भमा बीचको बाटो अपनाउने चलाखी रास्वपाले गरेको छ । रास्वपा मात्रै नभएर केही दिन अगाडि मात्रै प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले धर्मबारे छलफल गर्न सकिने अभिव्यक्ति दिएका थिए ।

गणतन्त्रको विकल्प नरहेको प्रष्ट अडान लिएका देउवाले धर्मबारे छलफल गर्न सकिने बताएका थिए । कांग्रेसभित्र यसअघि पनि धर्म निरपेक्षताबारे पटकपटक कुरा उठ्ने गरेको थियो, तर कुनै निर्णय हुन सकेको थिएन । सभापति देउवाले नै बोलेपछि त्यसको राजनीतिक अर्थ हुने नै भयो । अझ राजधानी उपत्यकासहित देशका विभिन्न भू–भागमा हिन्दू अतिवादीहरूले आन्दोलन चर्काइरहेका बेला सभापति देउवाको त्यस्तो अभिव्यक्ति आउनु संयोग मात्रै नहुन सक्छ । सभापति देउवाको अभिव्यक्ति र रास्वपाको निर्णयलाई बल पुग्ने काम प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको गतिविधिले गरेको छ । किनकि कुनैबेला कट्टर कम्युनिष्ट शक्तिको नेता मान्ने प्रचण्डले भारतको मध्य प्रदेश पुगेर बेरूवस्त्र लगाएका थिए । त्यहाँबाट फर्केपछि पशुपतिनाथको दर्शन गरेका थिए ।

प्रचण्ड भन्दा अगाडि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीकै हैसियतमा पशुपतिनाथको दर्शन गरी सुनको जलहरी बनाउने निर्णय गरेका थिए । त्यसबेला धर्म निरपेक्ष मुलुकका प्रधानमन्त्रीले धार्मिक रूझान देखाएको भनी चर्को आलोचना भएको थियो । तर ती आलोचनालाई मत्थर बनाउनेगरी एकपछि अर्को निर्णय हुनु पक्कै पनि सन्देहपूर्ण छ । अझ संविधान जारी गर्ने नेताहरू देउवा, ओली र प्रचण्डको लगभग मौन सहमति देखिनु र त्यसलाई बल पुग्नेगरी अरू गतिविधि हुनु संयोग मात्रै रहेको मान्न कठिन पर्छ । आगामी दिन कसरी अगाडि बढ्छ भन्ने हेर्न बाँकी छ । तर धर्मकै विषय भएर संविधानको प्रस्तावना उल्टने खतरा चाहिँ बढेको छ । किनकि धर्म मात्रै नभएर संविधानका अरू अन्तर्वस्तुप्रति पनि समाजमा समान धारणा छैन ।

# सामाजिक सञ्जाल र मिथ्या सूचना

अग्रलेख



● शुक्रऋषि चौलागाई

महाभारत युद्धमा जब पाण्डव पक्षको शक्ति लगातार निस्प्रभावी बनिरहेको थियो, श्रीकृष्णले अश्वत्थामा मरेको अफवाह फैलाउन लगाए । अस्त्र निर्माणको अद्भुत क्षमता भएका गुरु द्रोणाचार्य बाँचुन्जेल पाण्डव पक्षको विजय नहुने बुझेका श्रीकृष्णले युधिष्ठिरलाई प्रयोग गरे । रणभूमिमा अश्वत्थामा नामक हात्तीलाई मारिएसँगै श्रीकृष्णको उक्साहटमा 'सत्यवादी' युधिष्ठिरले उच्च स्वरमा 'नरो वा कुंजरो वा अश्वत्थामा हतोहत' (मान्छे वा हात्ती कुन् हो, तर अस्वत्थामा मर्‍यो) भन्ने उद्घोष गरे । शङ्खध्वनिका कारण द्रोणाचार्यले अश्वत्थामा मरेको भन्ने मात्र सुने । सत्यवादी युधिष्ठिरका मुखबाट आफ्नो छोरो अश्वत्थामा मरेको खबर सुनेर मुर्छित द्रोणाचार्य त्यसपछि उठ्न सकेनन् र पाण्डव सेनाका धृष्टद्युम्नले उनको शिरच्छेदन गरे । फलस्वरूप पाण्डव पक्षले रणभूमि कब्जा गर्न सफल भयो । आफ्नो हितमा मिथ्या र भ्रामक खबरलाई हतियारको रूपमा प्रयोग गर्ने अभ्यासको पौराणिक सन्दर्भले पनि यसको शक्तिलाई प्रष्ट्याउँछ ।

मिथ्या सूचना फैलाउने र फाइदा लिन अहिले पनि छाडिएको छैन । भनिन्छ, सत्यभन्दा अर्धसत्य र झूट छिटो फैलन्छ । डिजिटल माध्यमको विकास र विस्तारसँगै भ्रमपूर्ण र मिथ्या सूचनाको प्रवाह र पहुँच पनि सहज र व्यापक भएको छ । इन्टरनेटमा आधारित अनलाइन र सामाजिक सञ्जालले त्यसलाई झन् बढ्वा दिइरहेका छन् । यस्ता भ्रामक सूचना डढेलोजस्तै अनियन्त्रित हुन्छन् । मिथ्या र पछिल्लो समय भ्रामक सूचना, अप्रमाणित तथ्य, बढाइचढाइ वा तोडमोड, वैचारिक पक्षपोषणसहितका सामग्रीले उपभोक्तालाई प्रभावित बनाउँदै लगेको छ । यस्ता सामग्रीले मानिसहरुको विचारलाई प्रभावित मात्र हैन, नियन्त्रित र निर्देशित समेत गर्दैछ ।

### सामाजिक सञ्जालको प्रयोग

सामान्यतया: इन्टरनेट प्रविधिको माध्यमद्वारा आफ्ना विचार वा सिर्जनशीलता आदान-प्रदान गर्न प्रयोग गरिने माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ । यो सूचना दिने अनलाइन प्रविधिको एकमुस्ट सामूहिक रूप पनि हो । हातहातमा मोबाइल र इन्टरनेटको सहज उपलब्धताले सामाजिक सञ्जालको प्रयोग पनि व्यापक छ । एक तथ्याङ्कअनुसार विश्वभर चार अरब ४८ करोड मानिसले सामाजिक सञ्जाल प्रयोग गरिरहेका छन् । यसको अर्थ विश्वको आधा व्यक्तिहरू सामाजिक सञ्जालमा भेटिन्छन् । गुगलले ४.६६ अरबभन्दा बढी इन्टरनेट प्रयोगकर्ताहरू भएको देखाउँछ । यसमध्ये गुगल, फेसबुक, युट्युब, ह्वाट्सएप, इन्स्टाग्राम, टिकटक र ट्विटर प्रयोगकर्ता रहेका छन् ।

सञ्जालहरूमार्फत जानकारी, विचार, रुचि र अभिव्यक्तिहरू सिर्जना वा साझेदारी गर्ने सुविधा प्रदान गर्न मध्यस्थकर्ताको भूमिकामा सामाजिक सञ्जालहरूको उदय भएको हो । तर, पछिल्लो चरण सामाजिक सञ्जाल व्यक्तिको समय र सिर्जना खोसिदिने, भ्रम फैलाउने र सूचनामाथि जासुसी गर्ने हतियार बनेको छ । सामाजिक सञ्जाल प्रयोगकर्ता आफ्नो अनुकूलका कुरा सुन्ने तर, फरक विचारलाई निषेध गर्ने भइरहेका छन् । सामाजिक सञ्जाल प्रतिक्रियात्मक र असङ्गठित हुने भएकाले यसले नीतिगत तहमा दबाब दिन त सक्ला, तर न्याय दिन भने सक्दैन ।

### मिथ्या सूचना के हो ?

सेन्टर फर मिडिया रिसर्चले मिथ्या सूचनालाई 'मूलत: झूटो वा गलत वा भ्रमपूर्ण वा अनर्थ हुने गरी घटना, अभिव्यक्ति, तथ्याङ्क र तर्क प्रयोग वा व्याख्या गरेर समाचारका रूपमा प्रस्तुत आमसञ्चारका माध्यम वा इन्टरनेटका सामग्री' भनि परिभाषित गरेको छ । पूर्णत: झूट कुरालाई मिथ्या मानिन्छ । कतिपय सूचना तथ्यपूर्ण भए पनि त्यसमा केही झूटो विषय मिसाइएमा त्यसलाई भ्रामक भन्ने अभ्यास छ । मिथ्या र भ्रामक सूचनालाई विभिन्न तहमा वर्गीकरण गरिन्छ ।

युनेस्कोले मिथ्या सूचनालाई तीन प्रकारमा वर्गीकरण गरेको छ- 'मिसइन्फर्मेसन', 'डिसइन्फर्मेसन' र 'मालइन्फर्मेसन' । कुनै सूचना गलत हुन्छ, तर फैलाउनेले त्यसलाई सही ठानेर फैलाइरहेको छ भने त्यसलाई मिसइन्फर्मेसन भनिन्छ । फैलाउनेलाई गलत हो भनेर थाहा हुन्छ, तर त्यसो हुँदाहुँदै पनि जानाजानी र नियतवश अरूलाई भ्रमित पार्न फैलाइने सूचनालाई 'डिसइन्फर्मेसन' भनिन्छ । यो कसैको चरित्र हत्या गर्न, हानी पुर्‍याउन प्रयोग गरिन्छ । यी दुई प्रकारभन्दा तेस्रो प्रकार 'मालइन्फर्मेसन' अझ घातक हुन्छ । 'मालइन्फर्मेसन' देश, व्यक्ति, कुनै संस्था वा समूहप्रति हानी पुर्‍याउने उद्देश्यले फैलाइन्छ ।




*सञ्जालहरूमार्फत जानकारी, विचार, रूची र अभिव्यक्तिहरू सिर्जना वा साझेदारी गर्ने सुविधा प्रदान गर्न मध्यस्थकर्ताको भूमिकामा सामाजिक सञ्जालहरूको उदय भएको हो । तर पछिल्लो चरण सामाजिक सञ्जाल व्यक्तिको समय र सिर्जना खोसिदिने, भ्रम फैलाउने र सूचनामाथि जासुसी गर्ने हतियार बनेको छ ।*

### मिथ्या सूचनाको अवस्था र असर

आम मानिसले कुन सूचना सही हो, कुन सूचना गलत हो भनेर सहजै छुट्याउन सक्दैनन् । अहिले स्वार्थअनुसार, भ्रमात्मक सामग्री प्रचार भइरहेको छ । धेरैले इन्टरनेटमा आएका सबै सूचना सही होला भनेर शेयर गर्छन् । यसकारण गलत सूचनाको बाढी नै आएको छ । मिथ्या सूचना व्यक्ति विशेष मात्रै नभई संस्था, कम्पनी, सञ्चार गृहलगायत धेरैले धेरै कोणबाट प्रयोग गरिरहेको अवस्था छ ।

मिथ्या सूचना कसले कसरी प्रयोग गरिरहेको छ, त्यसले के-कस्तो अवस्था सिर्जना गरिरहेको छ । कस्तो खाले असर पुर्‍याइरहेको छ भन्ने कुराको ठ्याक्कै मापन गर्न कठिन भएपनि यसले अनेकन स्वरूपमा समस्या र असर पुर्‍याइरहेको चाहिँ छ । विभिन्न दुष्प्रचारदेखि आफ्नो फाइदा र विपक्षीको बदनाम गर्न भ्रमात्मक कुरा फैलाउने अभ्यास बढ्दो छ । कतिपय सूचनाको अनर्थ प्रयोग गरी विषय वा व्यक्तिबारे भ्रम सिर्जना गर्ने गरिएको छ । कुनै सूचना सही नै भए पनि गलत सन्दर्भमा प्रयोग गर्ने गरिएको छ । कुनै तथ्य, तथ्याङ्क वा तस्वीरलाई तोडमोड गरिन्छ । कयौं अनलाइन पोर्टलहरुले पाठकको ध्यान खिच्न अनेक हर्कत गरेको देखिन्छ । शिर्षक एउटा, सामग्री अर्कै, प्रसङ्ग एउटा, तस्विर अर्कै राखेर पनि झुक्याइँदैछ । अप्रमाणित, अपुष्ट सूचना दिने र विषयको बढाइचढाई गर्ने पनि गरेका छन् ।

मिथ्या समाचार प्रकाशित भइसकेपछि लाभ पुग्ने पक्षले सामाजिक सञ्जालमा भाइरल बनाउने गर्छन् । मौजुदा तस्वीर, आवाज वा भिडियोमा एक व्यक्तिको ठाउँमा अर्कै व्यक्तिलाई देखाइदिने काम 'डिप फेक' पनि गरिएको छ । यसमा हत्तपत्त दर्शक वा स्रोताले नक्कली भएको ठम्याउनै सक्दैनन् । मिथ्या सूचनाले समाजलाई झनै ध्रुवीकृत बनाइदिने खतरा बढ्दै गएको छ । मिथ्या सूचनाकै कारण साम्प्रदायिक सहिष्णुता र सद्भाव बिग्रिनै लागेका उदाहरण पनि छन् । सार्वजनिक सुरक्षामा चुनौती सिर्जना हुँदैछ । सूचनाको विश्वसनीय स्रोतका रूपमा रहेको मिडिया माथि नै अविश्वास हुने स्थिति निम्तीदैछ । डिजिटल युगमा मिथ्या र भ्रामक सूचनासँग जुध्न/लड्न सजिलो छैन, तर नलडी पनि सुख छैन । मिथ्या सूचनाले नागरिकलाई भ्रममा पारिरहेको छ । झुटो खबरले नागरिकहरु गलत निर्णयमा पुग्न सक्छन् । त्यसैले नागरिक सचेत पार्न र लोकतन्त्र बलियो बनाउन मिथ्या सूचनाबाट जोगिनु र खबरदारी गर्नु अत्यावश्यक छ ।

### मिथ्या सूचनाको पहिचान

कुनै सामग्री मिथ्या हो कि होइन भनेर ठम्याउन र पहिचान गर्न सजिलो छैन । आमपाठक, दर्शकका लागि कुनै पनि सामग्रीको तथ्य, तथ्यांक, घटना, घटनाक्रम, उदृत स्रोत वा व्यक्ति, अभिव्यक्ति, तस्वीर, समय र सन्दर्भ सबै सही, पूर्ण र तर्कसङ्गत छन् कि छैनन् भनेर छिटो परीक्षण गर्नु गाह्रे कार्य हो । मिथ्या सूचना तयार गर्नेहरूले त्यो सामग्री विश्वसनीय देखाउने प्रयास गर्छन् ।

नामै नसुनिएका अविश्वसनीय अनलाइन साइटमा आएका सामग्री, सनसनीपूर्ण बनाइएका समाचार शीर्षक र तस्वीर, नामै नसुनिएका स्रोतको प्रयोग, आधारभूत पत्रकारिताको नियमको परिपालना नभएको आदि आधारमा यस्ता भ्रामक र मिथ्या समाचार छुट्याउन सकिन्छ । सूचना र समाचारको विश्वसनीयता र सत्यता कायम राख्न पत्रकार, पाठक, दर्शक, स्रोता सबै सचेत हुनुपर्ने हुन्छ । कुनै कुरालाई तत्काल पत्याइहाल्नु अगाडि आलोचनात्मक तरिकाले समीक्षा गर्नुपर्ने हुन्छ ।

### सामाजिक सञ्जालको सही प्रयोग

धेरैजसो भ्रामक सूचना सामाजिक सञ्जालबाट नै फैलिइरहेको छ । नेपालमा गरिएको एक अध्ययनले सामाजिक सञ्जाल मिथ्या सूचना फैलाउने सशक्त माध्यम भएको देखाएको छ । सेन्टर फर मिडिया रिसर्चले गरेको अध्ययनले नेपालमा ९५ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले सामाजिक सञ्जालको माध्यमबाट मिथ्या सूचना प्राप्त गरेको देखाएको छ ।

सामाजिक सञ्जालको अति प्रयोग, गलत प्रयोग र असावधानीपूर्ण प्रयोगबाट बच्न उपाय जान्न जरुरी छ । कुनै पनि न्यायिक अभियानका लागि सामाजिक सञ्जाल एउटा औजार हो, तर यसको सही प्रयोग गर्न जानियन भने घातक पनि हुन सक्छ । के उद्देश्यका लागि सामाजिक सञ्जालमा खाता खोलेको पहिल्यै स्पष्ट हुनुपर्छ । कुनै पनि नपत्याउने खालका घटना भएका सामग्री इन्टरनेटमा देख्ने, पढ्नेबित्तिकै तुरुन्तै विश्वास गरिहाल्न हुँदैन । व्यक्तिगत सूचना र वैयक्तिक गोपनीयताका कुरा नराख्ने, जुनसुकै लिङ्क नथिच्ने, नचिनेको साइटमा व्यक्तिगत सूचना, इमेल आदि नभर्नेजस्त सावधानी अपनाउन सकिन्छ । नत्र त्यसैले प्रोफाइल ह्याक गरी अरूसँग पैसा माग्न वा तपाईंको आवरणमा अरूलाई ठग्न सक्छ ।

सञ्जालमा कुनै कुरा लेख्नु वा पोस्ट गर्नुअघि आफैंले आफैंलाई प्रश्न सोध्न पनि जरुरी छ । सामाजिक सञ्जालमा यो प्रसङ्ग/विषय राख्ने कि नराख्ने ? यो अहिल्यै नै राख्न उपयुक्त छ ? राखिएको सामग्रीले कसलाई फाइदा पुग्छ ? कुनै पनि सूचनालाई आलोचनात्मक तरिकाबाट हेर्न सक्नुपर्छ । त्यो सूचनाको स्रोत के हो ? कहाँबाट आयो ? कसले शेयर गरेको छ ? त्यो जाँच गरेर शेयर गर्नुपर्दछ । पुराना सामग्रीलाई नयाँ घटनाको भनेर राखिएका हुन सक्छन् । त्यसको पुष्टि नभई त्यसमा प्रतिक्रिया दिने वा कमेन्ट लेख्ने काम पनि गर्नु हुँदैन ।

अहिलेको जमानामा हरेक व्यक्ति पत्रकार हो । सूचना अरू सामु पुर्‍याउने सन्दर्भमा धेरै सामु सूचना दिन सकिन्छ । फेसबुक, ट्विटर, टिकटकलगायत धेरै प्रयोगकर्ता भएका सामाजिक सञ्जालमा तथ्य के हो, त्यो राखिदिन सकिन्छ । कुनै कुरा सामाजिक सञ्जालमा फैलियो भने, त्यो 'किवर्ड सर्च' गरेर पनि सत्य थाहा पाउन सकिन्छ । सामग्री सही छन् कि छैनन्, परीक्षण गर्नुपर्छ । यसको लागि अरू मिडियाहरू पनि अध्ययन गर्नुपर्छ । सञ्जाललाई आफ्ना विचार, भावना र अनुभव आदानप्रदान गर्न, नयाँ प्रविधि र सिकाइ प्राप्त गर्न, जनचेतना बढाउन र बृहत्तर हितमा उपयोग गर्ने बानी बसालौं ।

भाइरल हुनु मात्रै ठूलो कुरा होइन, सूचना प्रणाली प्रयोग गर्दा मर्यादा, शिष्टता र सामाजिक सद्भावको कुरालाई मनन गरेर अघि बढौं । साइबर सुरक्षामा चनाखो र सतर्क रहौं ।

## सामाजिक सञ्जाल



\- तारानाथ दाहाल

'धार्मिक गणतन्त्र' भनेको ईरान जस्तै हुनु हो; झन् खतरनाक ! धर्मका नाममा 'कट्टरताको नायक सर्वोच्च नेता' खोज्नेछ समाजले । उदारवादी लोकतन्त्रमा अभ्यस्त भैसकेको नेपाललाई अहिलेको खाँचो सुशासन दिनसक्ने सक्षम नेतृत्वको हो, यसमा बाधा दिने मुख्य तत्व दलहरुको यथास्थिति र निर्वाचन हो ।



\- बिमल पोखरेल

राजनीतिक दलका दासहरूले दशकौंदेखि लुटेर कैयौं विभागहरू टाट पल्टाएपछि बल्ल भर्ना लिने मापदण्ड फेर्न थालेछ त्रिभुवन विश्वविद्यालयले । कैयौं विभागमा ताला लागिसक्यो । विश्वविद्यालयमा ताला चाहिँ कहिले लाग्छ ? राणा र पञ्चायतले खोलिदिएका क्याम्पस र विश्वविद्यालयहरू गणतन्त्रले ढाल्दैछ !



\- बिराट अनुपम

विनोद चौधरी हिरो बनाइए मिडियाबाट र राजनीतिबाट । डलरे खर्बपति भएसी त उखरमाउलो देवत्व भयो । आत्मकथा आयो । पढियो । उता सुनील शर्मालाई 'माफिया' मात्र भनियो । पत्याइयो । अहिले कर तिर्ने सूचीमा त टपमा शर्माको कम्पनी देखियो । चौधरीको देखिएन । सरी, सुनील शर्मा !



\- बद्रि विनोद खनाल

व्यापार व्यवसायमा लागेकालाई त्यही व्यवसायमा लाग्न दिनुपर्छ, उनीहरूको क्षेत्र राजनीति होइन । सहयोग गरे भन्दैमा उनीहरूलाई सांसद र मन्त्री वनाउनु नै राजनीतिलाई विकृत उन्मुख गराउनु हो । कि त राजनीतिमा आउने उद्योगी व्यवसायीहरूले पूर्णरूपमा व्यवसाय त्यागेर राजनीतिमा समर्पित हुनसक्नु पर्थ्यो ।

# सामाजिक सञ्जालमाथिको अंकुश

विचार



● जयप्रकाश गुप्ता

*जुनसुकै सरकार होस् वा जुनसुकै शासन व्यवस्थामा नै किन नहोस्, मिडियालाई व्यवस्थित गर्नुपर्ने कर्णप्रिय कुरा जसले गरे पनि वास्तवमा त्यो भनेकै मिडियालाई नियन्त्रण गर्नका लागि सरकारलाई हौस्याएकै ठहर्छ । यसले अन्ततः मिडिया क्षेत्रमाथि अंकुशको वैधानिक शुरूवात गराउँछ र शासकलाई निरंकुश बनाइदिन्छ ।*

चिनियाँ सामाजिक सञ्जाल एप टिकटक बन्द गर्ने सरकारको निर्णयले निकै तरंग सिर्जना गरेको अवस्था छ । जसको बीचमा अन्य एप तथा सामाजिक सञ्जालका प्लेटफर्महरु के होलान् भन्ने प्रश्न पनि उठिरहेको छ । हुनत् यी विषय अदालती बहसको विषय पनि बनेका छन्, तथापी अदालतले कहिले छिनोफानो गर्छ यकिन छैन ।

एक समय थियो, स्वयम् पंक्तिकार सञ्चारमन्त्रीको रुपमा थियो । विदेशबाट प्रसारण हुने 'फेसन टिभी' च्यानल रोक्न सहकर्मी मन्त्रीहरूबाट समेत निकै ठूलो दबाव आएको थियो । नेपाली समाजमा सदाचारको रक्षाका लागि यो आवश्यक रहेको तर्क दिइएको थियो । अर्को प्रसंगमा चीनको 'सिसिटिभी' र पाकिस्तानको 'पिटिभी'को प्रसारण नेपालका केबुल टिभीका सेवा प्रदायकबाट हुन नदिन पनि उत्तिकै ठूलो दबाव अनुभव गरेको याद आउँछ ।

'एपी' एशोसिएट प्रेसले भारतको कश्मिरमा भारतीय सेनाद्वारा मारिएको विद्रोहीहरूका बारेको समाचारमा 'किल्ड' शब्दको प्रयोग गरेको थियो । गोरखापत्रले 'भारतीय सेनाद्वारा हत्या' भनी समाचार छापिएको थियो । कुरो यहाँसम्म पुग्यो कि नेपालमा रहेका एपीका समाचारदाता विनय गुरूवाचार्यको प्रेस पास खारेज गर्ने र एपीको सब्सक्रिप्सन रासस, राष्ट्रिय समाचार समितिले रद्द गर्नेसमेत कुरा आयो । कश्मिरको समाचार र नेपालका एक भद्र, अनुभवी एवम् सम्मानित पत्रकार विनय गुरूवाचार्यका बीच कुनै सम्बन्ध थिएन र पनि कुरो आयो । त्यसबेला भारतकै हितचिन्तकहरूलाई सम्झाउन कठिन भएको थियो । जवाहरलाल नेहरूले भनेका थिए, "सरकारले जान्नुपर्दछ कि स्वतन्त्र समाजमा खुला विचारहरूलाई कहिले पनि क्रूर कानूनद्वारा जाँच्न सकिँदैन । जति धेरै जुलुम गरिन्छ, विचारहरूको फैलावट त्यति नै ठूलो हुन्छ ।" यस कुरोलाई पंक्तिकार बताउन पनि सकिरहेको थिएन त्यसबेला । मन्त्री, प्रधानमन्त्रीहरूलाई धेरै दबावहरू आउने गर्दछ । कहिले समाजमा सदाचार बचाउने नाममा, कहिले मित्र राष्ट्रहरूसँगको प्रगाढ सम्बन्ध बचाउने नाममा । यसका बावजूद पनि सरकारले विचारहरूको प्रवाहको रक्षा त गर्नै पर्दछ ।

अहिलेको सरकारले टिकटक किन बन्द गर्ने विचार बनायो होला ? पंक्तिकारलाई त ठिक लागेको छैन । जुनसुकै सरकार होस् वा जुनसुकै शासन व्यवस्थामा नै किन नहोस्, मिडियालाई व्यवस्थित गर्नुपर्ने कर्णप्रिय कुरा जसले गरे पनि वास्तवमा त्यो भनेकै मिडियालाई नियन्त्रण गर्नका लागि सरकारलाई हौस्याएकै ठहर्छ । यसले अन्ततः मिडिया क्षेत्रमाथि अंकुशको वैधानिक सुरुवात गराउँछ र शासकलाई निरंकुश बनाइदिन्छ । जुन विश्वको उदाहरणमा पनि हेर्न सकिन्छ । एउटा प्लेटफर्म बन्द हुँदैमा आकाशै त झर्दैन भन्न पनि सकिएला, त्यो जवाफ यो सन्दर्भमा सही हुँदैन । तथापी, अहिलेको सरकारको निर्णयलाई धेरैले स्वीकार गरेको देखियो । उक्त निर्णयपछि देखिएको कमजोर विरोधबाटै हौसिएर होला सरकारले सामाजिक सञ्जाल निर्देशिका, २०८० पनि जारी गरेको छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नयाँ काम बन्नेछ । वैदेशिक कार्यमा प्रगति हुनेछ । |
| वृष | : | अचल सम्पत्तिमा वृद्धिको योग छ । मुद्दामा विजयी भइनेछ । |
| मिथुन | : | अनावश्यक जिम्मेवारीले तनाव दिनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| कर्कट | : | मुद्दामामिलासम्बन्धी समस्याको योग छ । स्वास्थ्य राम्रो रहनेछ । |
| सिंह | : | विरोधी सकिय रहनेछ । दैनिक आयमा वृद्धि हुनेछ । |
| कन्या | : | स्वास्थ्य राम्रो रहनेछ । व्यापारको लागि शुभ समय छ । |
| तुला | : | धर्मपालनामा रुचि देखिन्छ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृश्चिक | : | वाणी संयम् राख्नुहोला । पारिवारिक उल्झन रहनेछ । |
| धनु | : | खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला । विरोधी सक्रिय रहन्छ, तर असफल हुन्छन् । |
| मकर | : | विद्यार्थीहरुको लागि राम्रो समय छ । नौलो कार्य सफल हुन्छ । |
| कुम्भ | : | सम्मानमा वृद्धि हुनेछ । मांगलिक कार्य हुने योग छ । |
| मीन | : | आयमा वृद्धि हुनेछ । नकारात्मक कुराले अशान्ति पैदा गर्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# एनसीसी कतारको नेतृत्वमा कतारबाट भूकम्प पीडितका लागि १३ लाख बढी सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १३ मंसिर

भूकम्पले जाजरकोट र रुकुम पश्चिममा पुऱ्याएको मानवीय एवम् भौतिक क्षतिलाई मध्यनजर गर्दै गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनसीसी) कतारको नेतृत्वमा कतारबाट पीडितको सहयोगका लागि १३ लाख रुपैयाँ बढी सहयोग गरिएको छ । एनसीसी कतारका अध्यक्ष रमेश भट्टको संयोजकत्वमा राहत संकलन समिति गठन गरी संकन गरिएको रकममध्येबाट पीडितलाई प्रत्यक्ष ३ लाख ९३ हजार १ सय २१ रुपैयाँ र नेपाल सरकारको प्रधानमन्त्री दैविक प्रकोप उद्धार कोषमा ९ लाख ४५ हजार २ सय ७१ रुपैयाँ गरी जम्मा १३ लाख ३८ हजार ३ सय ९२ रुपैयाँ सहयोग गरिएको हो ।

संकलित रकमबाट घर पूर्णरूपमा क्षति भएका जाजरकोटका मरीचमान शाही र कर्णबहादुर वलीलाई जनही ५० हजार रुपैयाँ, पवि कुमारी थापालाई ५० हजार र हवाई टिकट, घर क्षति भएका जाजरकोटकै लीला बहादुर राना, लाल बहादुर बस्नेत, गोविन्द मल्ल र सुनत सिंहलाई जनही २० हजार, जाजरकोट घर भइ कतारमा कार्यरत रहेका र भूकम्पले घरमा क्षति पुगेका कर्म खत्रीको परिवारलाई ४० हजार, घरमा क्षति पुगेका सल्यानका सुरेश केसीलाई २० हजार, रुकुम पश्चिमकी दिपा नेपालीलाई २० हजार ८०, जाजरकोटका कपिल परियारलाई १० हजार १२ र सल्यानको दार्मा गाँउपालीकालाई ३० हजार ४ सय ६१ रुपैयाँ प्रदान गरिएको हो ।

संकलित रकम एवम् सहयोगको विवरण आइतबार नेपाली दूतावासमा राजदूत डा. नरेश विक्रम ढकाललाई एनसीसी अध्यक्ष रमेश भट्ट, प्रथम उपाध्यक्ष कृष्ण पन्थी, सचिव सन्तोष क्षत्री र कर्णाली प्रदेश सेवा समाज कतारका अध्यक्ष मोतीलाल बुढामगरको उपस्थितिमा हस्तान्तरण गरिएको हो । भेटका क्रममा राजदूत ढकालले मातृभूमिमा परेको विपद्मा एनसीसीको नेतृत्वमा सहयोग गर्ने सबैलाई सरकारका तर्फबाट धन्यवाद व्यक्त गरे । मध्यान्ह राष्ट्रिय दैनिकसँग कुरा गर्दै अध्यक्ष भट्टले एनसीसीले चालेका सबै अभियानलाई कतारका नेपाली संघ संस्था, सामाजिक व्यक्तित्व, बुद्धिजीवी तथा समाजसेवीहरूले सधैं सहकार्य गरेर सफल बनाउने गरेको स्मरण गर्दै धन्यवाद व्यक्त गरे ।

एनसीसीको अभियानमा एक्यबद्धता जनाउँदै कर्णाली प्रदेश सेवा समाज कतारले ५ हजार ५ सय १५, प्रवासी नेपाली समुदाय-दोहा कतारले ३ हजार २ सय ४८, गण्डकी प्रदेश समन्वय परिषद् कतार मातहतका जिल्ला संस्थाबाट ३ हजार, कोशी प्रदेश समन्वय परिषद् कतार मातहतका जिल्ला संस्थाबाट २ हजार ७ सय ५४, कर्णाली प्रदेश समन्वय परिषद् कतारको तर्फबाट २ हजार ७ सय ४५, लुम्बिनी प्रदेश समन्वय परिषद् कतार मातहतका जिल्ला संस्थाबाट १ हजार ७ सय १३, मधेश प्रदेश समन्वय परिषद् कतारको तर्फबाट ५ सय ५१, नेपाल आदिवासी जनजाति महासंघमा आवद्ध मातृ संस्थाको तर्फबाट १ हजार १ सय ११, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कतारको तर्फबाट ६ सय ५०, महिला समाज कतारको तर्फबाट ५ सय ५ कतारी रियालगायत विभिन्न संस्था एवम् व्यक्तिले नगद सहयोग गरेका हुन् ।

# भिरबाट लडेर किशोरीको मृत्यु

**हुम्ला/मस-** हुम्ला सिमकोटकी एक किशोरीको भिरबाट लडेर मृत्यु भएकोछ । गोरु चराउन गएकी सिमकोट गाउँपालिका वडा ८ खोल्सी गाउँकी १७ वर्षीया सुस्मिता शाहीको दुधा भिरबाट लडेर मृत्यु भएको हो । उनको शव भिर तल खोल्सामा भेटिएको सामुदायिक स्वास्थ्य इकाईका इन्चार्ज धिरेन शाहीले बताए ।



शाहीका अनुसार भिरमा गोरु गएपछि त्यसलाई फर्काउन जाने क्रममा बुधबार भिरबाट लडेकी थिइन् । शाही सिमकोट ७ को कर्णाली माध्यमिक विद्यालयमा कक्षा ११ मा पढ्दै थिइन् । करिब २ सय मिटर तल खसेकी किशोरीको घटनास्थलमै मृत्यु भएको परिवारले जनाएको छ । मृतक शाहीको बुधबारनै दाहसंस्कार गरिएको छ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/०२ मा दर्ता कायम भएका **लायकु छँ होमस्टे प्रा.लि. (प्रा.लि.नं. २५५७७५/०७७/०७८)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०८/१३ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरका कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **इजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

## निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

बागमती प्रदेश, भक्तपुर जिल्ला, मध्यपुर ठिमि नगरपालिका वडा नं ०६ निवासी श्री बेखा लाल श्रेष्ठको छोरी श्री दिपक श्रेष्ठको पत्नि तेज लक्ष्मी श्रेष्ठको नामबाट यस सांग्रिला डेभलपमेन्ट बैंक लि.को शाखा कार्यालय ठिमि, भक्तपुरमा खाता खोली कारोवार गर्दै आउनु भएकोमा उक्त खाताका संचालक श्री तेज लक्ष्मी श्रेष्ठको मिति २०७९-०७-१२ मा निधन भएको र उक्त खाता खोल्दाको बखत निजले इच्छाइएको व्यक्ति कोहीपनि नराख्नु भएकोले हाल निजको छोरा प्रदिप श्रेष्ठबाट यस बैंक समक्ष मृत्यु दर्ताको प्रमाणपत्र तथा आवश्यक कागजात सहित उक्त खातामा रहेको रकम पाउँ भनी निवेदन दिनु भएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) को प्रयोजनार्थ अन्य कुनै व्यक्तिको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैंतीस) दिन** भित्र स-प्रमाण दावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालयः** बालुवाटार, काठमाण्डौं, फोनः ०१-४४२१८६१/६२/६३
www.shangrilabank.com

## UAE मा रोजगारको अवसर

1.Ejadah Asset Management Group

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/१२/१० चलानी नं. ६०१९८७८८ LT No. 283377

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 100 | 50 | साधारण | 900 | ३२,५०८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

2. Khidmah-Sole Proprietorship LLC.

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०८/१३ चलानी नं. ६०१९२३६७ LT No. 276815

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 138 | 15 | काममा दक्ष | 800 | २८,८९६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८० मंसिर २१ गते (7 Dec., 2023) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि. श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोनः ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

## MALAYSIA मा रोजगार

कम्पनी: GUB FURNITURE INDUSTRIES SDN BHD
शहर: MUAR

पूर्व स्वीकृत मितिः २०७९/०९/१८ चलानी नं.: ६०१९६१२९ LT. No.: 278704 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० मंसिर २१ गते (7 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

अल मून ओभरसिज प्रा. लि. श्रम इजाजत नं. ९९२/०६८/०६९
AMO
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोनः ०१-४९८९७१८, ०१-४९८९७१९

## मलेसियामा रोजगार

कम्पनी: BW YEE SENG STEEL INDUSTRIES SB
शहर: Penang

पूर्व स्वीकृत मितिः २०७९/०५/२९ चलानी नं.: ६०१८७६५० LT. No.: 271757 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 32 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: SIM-RAY ENGINEERING SDN.BHD. शहर: Johor

पूर्व स्वीकृत मितिः २०७९/०५/२९ चलानी नं.: ६०१८७६५१ LT. No.: 271758 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: YI-LAI INDUSTRY BERHAD शहर: Selangor

पूर्व स्वीकृत मितिः २०७९/०५/२२ चलानी नं.: ६०१८७१९९ LT. No.: 271220 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २१ गते (7 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## मलेसियामा रोजगार

कम्पनी : Ori Garment Sdn Bhd
शहर: Johor

पूर्व स्वीकृत मितिः २०८०/०४/२९ चलानी नं.: ६०२०६११९ LT. No.: 290895 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० मंसिर २१ गते (7 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Apollo Manpower Services Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748 Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com

## Free Visa Free Ticket 0 Cost मा साउदीमा रोजगार

१. कम्पनी : HWADI CO.LTD. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०३/११ चलानी नं.: ६०२०३८०६ LT. No.:288477 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelving Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Worker | 3 | 0 | | 1200 | ४२,५६४ | | | | | | | |
| 3. | Porter | 6 | 0 | | 1200 | ४२,५६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २१ गते (7 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोनः ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com
IAF

## कतारमा रोजगारको अवसर

१. कम्पनी: LUMBINI CONTRACTING AND CLEANING
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०८०/०३/१३ चलानी नं.: ६०२०३९८७ LT. No.: 288717 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Director | 7 | 0 | सम्बन्धित काममा दक्ष | 5700 | २०८०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 1400 | ५११०० | | | | | | | |
| 3. | General Clean Worker | 8 | 0 | | 1000 | ३६५०० | | | | | | | |
| 4. | Labour | 1 | 0 | | 1000 | ३६५०० | | | | | | | |

कम्पनी: MISSION GENERAL CONTRACTING WLL शहर: DOHA

पुर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं.: ६०२०६९८१ LT. No.: 291831 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 1 | 0 | स. काममा दक्ष | 1100 | ४०१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker | 1 | 0 | | 1000 | ३६५०० | | | | | | | |
| 3. | Carpenter | 3 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 4. | Electric Tech. | 1 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 5. | Labour | 7 | 0 | | 1000 | ३६५०० | | | | | | | |
| 6. | Marketing Represent | 5 | 0 | | 2200 | ८०३०० | | | | | | | |
| 7. | Mason | 3 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 8. | Pipe Fitter | 2 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 9. | Plaster Technician | 1 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 10. | Plaster Worker | 2 | 0 | | 1100 | ४०१५० | | | | | | | |
| 11. | Purchase Representative | 3 | 0 | | 2200 | ८०३०० | | | | | | | |
| 12. | Representative | 1 | 0 | | 2200 | ८०३०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० मंसिर २१ गते (7 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले दिने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.
श्रम इजाजत नं. ४७०/०६०/६१
बसुन्धारा-३, काठमाडौ फोन नं: 014375767
Mob: 9844065129, 9851129355 Email: misnepal09@gmail.com

## साइप्रसमा रोजगार

कम्पनी : PAVLINA POULLI PRIVATE AGENCY

पूर्व स्वीकृत मितिः २०७९/१२/०२ चलानी नं.: ६०१९८२७८ LT. No.:282680 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 7 | स. काममा दक्ष | 320 | ४६,६४६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer Agriculture Farm | 0 | 7 | | 465 | ६७,७८३ | | | | | | | |

२. कम्पनी : SA.GI.AN MANPOWER LIMITED (LIC. NO: 224)

पूर्व स्वीकृत मितिः २०७९/०३/०८ चलानी नं.: ६०१८१५२५ LT. No.: 265338 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 1 | 0 | स. काममा दक्ष | 314 | ४५,७७२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 4 | 0 | | 900 | १३१,१९३ | | | | | | | |

३. कम्पनी : PAVLINA POULLI PRIVATE AGENCY

पूर्व स्वीकृत मितिः २०७९/१२/०२ चलानी नं.:६०१९८२७९ LT. No.:282679 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 2 | स. काममा दक्ष | 320 | ४६,६४६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer Agriculture Farm | 0 | 10 | | 465 | ६७,७८३ | | | | | | | |

४. कम्पनी : EFTHYMIOS MAMMIDES -233

पूर्व स्वीकृत मितिः २०७९/१०/११ चलानी नं.: ६०१९५७३४ LT. No.: 279483 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 5 | स. काममा दक्ष | 314 | ४५,७७२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Employee | 1 | 1 | | 600 | ८७,४६२ | | | | | | | |

५. कम्पनी : MARO KALOU PRIVATE EMPLOYMENT AGENCY

पूर्व स्वीकृत मितिः २०२२/०६/२३ चलानी नं.: ६०१८१७५१ LT. No.: 265339 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 2 | 1 | स. काममा दक्ष | 600 | ८७,४६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

६. कम्पनी : ANDRIANA KYRIAKOU

पूर्व स्वीकृत मितिः २०२२/०७/११ चलानी नं.: ६०१८३२५१ LT. No.: 267109 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 2 | 0 | स. काममा दक्ष | 650 | ९४,७५१ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 3 | | 650 | ९४,७५१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २१ गते (7 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FAMOUS HUMAN RESOURCES PVT. LTD.
श्रम इजाजत नं. ५४५/०६१/०६२
Sinamangal-9, Kathmandu, Nepal (in front of Hope Hospital)
Phone No:4116659,4116660. Mobile No: 9801307500
Email: info@famoushr.com.np, famoushr545@gmail.com. Web:www.famoushr.com.np

# बक्स अफिस समाचार

## दीपेन्द्रको 'दुःखी आत्मा'मा दयाहाङ



पुगेको यो फिल्ममा निर्देशक दीपेन्द्र र अभिनेता

**काठमाडौं/मस-** निर्देशक दीपेन्द्र लामाले अभिनेता दयाहाङ राईलाई लिएर नयाँ फिल्म 'दुःखी आत्मा' बनाउने भएका छन् । 'नाङ्गो गाउँ' निर्माता कम्पनी क्लक क्रिएसन्स र हिमाल कडरिया निर्माता रहेको फिल्मको शीर्ष भूमिकामा अभिनेता दयाहाङ फाइनल भएका हुन् । फिल्मको छायाँकन यस वर्षको अन्तिमतिर शुरु हुने बताइएको छ ।

पटकथा लेखन कार्य अन्तिम चरणमा दयाहाङको चौथो सहकार्य हो । निर्देशक दीपेन्द्र र अभिनेता दयाहाङले 'घामपानी, २ नम्बरी र नांगो गाउँ'पछि 'दुःखी आत्मा'मा सहकार्य गर्न लागेका हुन् ।

फिल्मका लागि अन्य कलाकार फाइनल गरिएको छैन । निर्देशक लामाले यो फिल्मलाई समाजकै कथामा निर्माण गर्ने बताए । मानिसहरू बाहिरी रुपमा जति खुशी देखिए पनि भित्र भित्रै दुःखी आत्मा लिएर बाँच्ने कथामा यो फिल्म बन्नेछ ।

काठमाडौंमै छायाँकन गरिने फिल्मको वितरण आरआर फिल्मस्ले गर्नेछ । सुदीप ढकाल प्रोडक्सन म्यानेजर रहेको फिल्ममा अधिकांश प्राविधिक टोली 'नाङ्गो गाउँ'कै हुनेछ । निर्देशक लामा र निर्माता कडरियाबीच 'दुःखी आत्मा'पछि एक बेनामे फिल्मसँगै 'नाङ्गो गाउँ २'मा पनि सहकार्य हुँदैछ । फिल्मको प्रदर्शन मिति छायाँकन शुरु भएसँगै सार्वजनिक गर्ने निर्माण टिमको तयारी रहेको छ ।

## अमेरिकामा कुलपति राईको एकल कविता वाचन




काठमाडौं/मस- वरिष्ठ कवि तथा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईको एकल कविता वाचन अमेरिकाको बोस्टनमा आयोजना गरिएको छ । 'सबै भाषा-सबै ज्ञान, सबैको प्रज्ञा प्रतिष्ठान' भन्ने मूल नाराका साथ सांस्कृतिक सत्ता र समताका लागि नेपाल प्रज्ञा प्रतिष्ठानले कुलपति राईको एकल कवितावाचनको पहिलो श्रृंखला चितवनबाट प्रारम्भ गरेको थियो ।

यसै क्रमको दोस्रो श्रृंखलामा अमेरिकाको बोस्टनमा कुलपति राईले आफ्नो चर्चित कवितासंग्रह 'यारी'बाट कविता वाचन गरेका थिए । सो अवसरमा उनले भाषा, साहित्य, दर्शनशास्त्र, सामाजिक शास्त्रलगायतका विधाको उत्खनन र प्रवर्द्धन गर्ने उद्देश्यले २०१४ सालमा स्थापना भएको नेपाल प्रज्ञा प्रतिष्ठानमा अझै पनि आमूल परिवर्तन हुन नसकेको बताए ।

उनले कतिपयलाई प्राज्ञ प्रतिष्ठानको महत्व, उद्देश्य र प्रभावकारिता नै थाहा नभएको बताउँदै देश-विदेशमा यसबारे जानकारी गराउने लक्ष्य राखिएको बताए । कुलपति राईले नेपाल प्रज्ञा प्रतिष्ठान सम्पूर्ण नेपालीको साझा थलोको रूपमा विकास गर्न आफू प्रतिबद्ध रहेको बताए ।

यसैगरी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (पद्य /काव्य) विभाग प्रमुख बाबा बस्नेतले कविता वाचन, अनेसासका केन्द्रीय अध्यक्ष गोवर्द्धन पूजाले मनतव्य र अनेसास नेपाल च्याप्टरका पूर्व महासचिव ऋषभदेव घिमिरे र दिपा राईले पनि कविता वाचन गरेका थिए ।

सो कार्यक्रम अनेसास, बोस्टन च्याप्टरका अध्यक्ष महेश्वर पन्तको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा बोस्टन, न्यू ह्याम्प्सायर र न्यूयोर्कबाट समेत सहभागिता रहेको थियो ।


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**प्रदेश अस्पताल**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**सूचना प्रकाशित मितिः २०८०/०८/१४**

यस अस्पतालद्धारा मिति २०८०/०७/२३ गते हिमालय टाईम्स राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित सूचना अनुसार तपसिलको खरिद कार्य गर्न बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार प्राप्त हुन आएका बोलपत्र सारभूत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको कबोल रकम न्युन मुल्यांकित रहेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | न्यून मुल्यांकित फर्म | कबोल रकम (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 1 | PH/Karnali/NCB-08/080-81, Procurement of Anesthesia Machine | General Medical Suppliers Jawalakhel, Lalitpur | 59, 27, 400.00 | |

अस्पताल निर्देशक



बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
हेटौंडा, नेपाल

**प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१४**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रम कार्यान्वयनको लागि सहभागी हुन इच्छुक एवं मापदण्ड पुगेका आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले दरखास्त दिने अन्तिम मितिसम्म कार्यालय समयमा आईपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा यस निर्देशनालयमा प्रस्ताव दर्ता गर्नु हुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क्र. स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट प्रति ईकाई | लागत साझेदारी | आवेदक | कार्यविधि | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम | संख्या | ४ | बढीमा २५ लाख | कुल लागतको बढीमा ८० प्रतिशत (पूँजिगत खर्च तर्फ), चालु खर्च तर्फ बढीमा ५० प्रतिशत | कृषक/उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषिमा कार्य गर्ने बहुउद्देश्यीय सहकारी र नीजि फार्म | कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | २०८०/०९/०४ (२१ दिन) |
| २. | साझेदारीमा निर्वाहमूखी पशुपालन पद्धतिलाई व्यवसायीकरण कार्यक्रम | संख्या | ४ | बढीमा ४० लाख | कुल लागतको बढीमा ८० प्रतिशत (पूँजिगत खर्च तर्फ), चालु खर्च तर्फ बढीमा ५० प्रतिशत | गाई/भैंसीपालक कृषक समुह/सहकारी | पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | २०८०/०९/१३ (३० दिन) |
| ३. | बंगुरपालन व्यवसाय पुनः स्थापनाका लागि उन्नत नश्लका पाठापाठी आयातमा लाग्ने हवाईभाडामा ७५% अनुदान | पटक | १ | २५ लाख (कूल बजेट) | विदेशबाट उन्नत जातका बंगुरका पाठापाठी ल्याउँदा हवाई ढुवानी (टिकट) मा ७५ प्रतिशत भाडा ब्यहोर्ने | कृषक समूह/संघ/कृषि सहकारी/निजी फार्म | उन्नत नश्लका बंगुरको पाठापाठी ढुवानीमा लाग्ने हवाईभाडामा पचहत्तर प्रतिशत भाडा ब्यहोर्ने कार्यक्रम सञ्चालन कार्यविधि, २०८० | |

**संलग्न गर्नुपर्ने कागजातहरु**
१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,
२. अनुसूचि-२ बमोजिमको रु. १०।- को हुलाक टिकट सहितको आवेदन पत्र, संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,
३. PAN/VAT दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
४. कार्यक्रममा सहभागिता सम्बन्धी संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह, सहकारी, संघको हकमा),
५. सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र,
६. आवश्यक अन्य कागजात (कार्यक्रम कार्यान्वयन/मूल्याङ्कन सम्बन्धी निर्देशनालयले तोके बमोजिम)

**पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मुल्य श्रृंखला विकास कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरु**
१. अनुसूचि-३ अनुसारको प्रस्ताव, अनुसूचि-४ बमोजिमको प्रतिबद्धता पत्र,
२. कार्यक्रम सञ्चालनका लागि आवेदक वा निजको पारिवारिक स्वामित्वमा पर्याप्त जग्गा रहेको प्रमाणपुर्जा वा जमिन करार गरेको सम्झौताको प्रतिलिपि,
३. पूर्वाधार निर्माणको हकमा कम्तीमा १० वर्षको लागि जमिन करार गरेको सम्झौताको प्रतिलिपि,
४. संकलन/प्रशोधन/भण्डारण/बजारीकरणमा मात्र संलग्न हुने आवेदकको हकमा उत्पादकसंग गरेको खरिद विक्री सम्झौता

**साझेदारीमा निर्वाहमूखी पशुपालन पद्धतिलाई व्यवसायिकरण कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरु**
१. कृषक समूह/सहकारीको हकमा कम्तीमा १० (दश) जना गाई/भैंसीपालक कृषक सदस्य भई प्रति कृषक ३ (तीन) वटा माउ गाई/भैंसी पालेको हुनुपर्ने,
२. गत आ.व. को लेखा परीक्षण प्रतिवेदन,
३. अनुसूचि-४ बमोजिम कार्यक्रमको संक्षिप्त कार्ययोजना, अनुसूचि-५ बमोजिमको स्व-घोषणा पत्र,
४. अनुसूची-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,
५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता,
६. सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनुपर्ने)
७. कृषक समूह/सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र

**बंगुरपालन व्यवसाय पुनः स्थापनाका लागि उन्नत नश्लका पाठापाठी आयातमा लाग्ने हवाईभाडामा ७५% अनुदान कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरु**
१. सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र,
२. उन्नत नश्लका बंगुरको पाठापाठी आयात गर्ने देशको नाम स्पष्ट रुपमा खुलाई Performance Invoice,
३. पाठापाठी आयातको लागि प्रचलित कानून अनुसार अपनाउनुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरेको प्रमाण

**पुनश्चः** कृषि, पशुपन्छी तथा मत्स्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० र उन्नत नश्लका बंगुरको पाठापाठी ढुवानीमा लाग्ने हवाईभाडामा पचहत्तर प्रतिशत भाडा ब्यहोर्ने कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लगायत उल्लेखित अनुसूचिहरु पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाको वेबसाइट www.dolfd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै यस निर्देशनालयको सम्पर्क नं. ०५७–५२४३१९/ ०५७–५२४२५४ मा सम्पर्क गरि कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सकिनेछ ।



**मोटरसाईकल हरायो**

मिति २०८० मंसिर ५ गते साँझ ०६:३० बाट ९ बजे भित्र, दशरथ रंगशालाबाट मेरो कालो रातो रङ्गको २२० सि.सी.को इन्जिन नं. DKXCMJ32793, च्यासीस नं. MD2A13EX8MCJ98415, बागमती प्रदेश ०२-०४१प ६०९७ नम्बरको बजाज कम्पनीको पल्सर बाइक हराएको हुँदा देख्नु वा पाउनुहुने महानुभावहरुले तपसिलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

नाम : हार्वेष्ट मुन ट्राभल्स एण्ड टुर्स
ठेगाना : गैरीधारा, काठमाण्डौ
सम्पर्क नं.: ९८०१२३१५५६



**बीमालेख हराएको सूचना**

मिति २०८०/०७/०५ कुलेश्वरबाट बीमा संस्थान जाँदा मेरो राष्ट्रिय बीमा संस्थानको बीमालेख नं. २०६७०६ को बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिन हुन अनुरोध गर्दछु ।
नामः विश्व प्रसाद श्रेष्ठ
ठेगानाः दक्षिणकाली न.पा.-०५, फर्पिङ
सम्पर्क : ९८४१६००९९९



**भूल सुधार**

मिति २०८०/०८/१३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगारको अवसर शिर्षक, कम्पनीको नाम:5R TECHNOLOGIES SDN BHD, पूर्व स्वीकृत मितिः २०८०/०८/१२ गते, चलानी नं: ६०२१०६६४ र LT No: 295599 को विज्ञापन, पहिलो पटक विज्ञापन प्रकाशित हुनुपर्नेमा पून विज्ञापन भएकोले भुल सुधार गरिएको छ ।

A.S. International Group Pvt. ltd.
Samakhusi-26, Kathmandu Nepal
Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com
Gov. lic. No. 1155/073/74



**कतारमा Nurse हरुलाई रोजगार** Master Care Nursing Services

पूर्व स्वीकृती मितिः २०८०/०८/१३ चलानी नं.: ६०२१०६९३ LT No.: 295548

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Nurse | 00 | 08 | कामगा दक्ष | 6500 | २,३६,८०२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

Note: Experience Certificate at least 2 years without gap (PCL Nursing)

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निः शुल्क |

अन्तरवार्ता : २०८० मंसिर २१ गते (7 Dec., 2023) यस प्रा. लि. को कार्यालय स्यूचाटार, कलंकी, काठमाडौमा हुनेछ ।

रकि ईन्टरनेशनल प्रा. लि. श्रम ईजाजत न.५६४/०६२/०६३
स्यूचाटार, कलंकी, काठमाडौं, फोनः ०१-५२२४५०१, ५२२४५०३
मोबइल नं : ९८५१०६९६७८, ९८४३१७२२२८, Email : rakiint4u@yahoo.com



**कतारमा रोजगारको अवसर** | कम्पनीः AL DUHAIL METAL FACTORY शहर:DOHA

पूर्व स्वीकृत मितिः२०८०/०६/१६ चलानी नं.:६०२०८५७५ LT. No.: 293382 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० मंसिर ७ गते (7 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Blaze Associates Pvt. Ltd.
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com
Gov. Lic No. 1447/074/075



**कतारमा रोजगार** कम्पनी : DOHA GROUP TRADING & CONTRACTING WLL शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०४/२४ चलानी नं.: ६०२०५९५१ LT. No.: 290683 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 8 | 0 | | 1100 | ३९,९३० | | | | | | | |
| 3. | Building Worker | 7 | 0 | | 1000 | ३६,३०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २१ गते (7 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ब्लू ओसियन ओभरसिज प्रा. लि.
पि.ओ.बक्सः १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोनः ४९५१७३२, ४९६५८२६, फ्याक्सः ४३६४५७३
श्रम इजाजत नं. ८६४/०६६/०६७
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np



**कुवेत र युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः TAWSEELCO EXPRESS COMPANY FOR THE DELIVERY OF CONSUMER ORDERS शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०८/१३ चलानी नं.: ६०२१०७०५ L.T. No.: 295702

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 10 | 0 | स. काममा दक्ष | 120 | ५१,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः MAZAYA RECRUITMENT SOLE PROPRIETORSHIP LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०६/२९ चलानी नं.: ६०२०९१५२ L.T. No.: 294021 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor/helper | 100 | 0 | स. काममा दक्ष | 800 | २८,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २१ गते (7 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुवेतको रु. १०,०००/- युएईको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BRIGHT FUTURE HR SOLUTION PVT.LTD.
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-५९१४६३२
फोन नं.: ९८०३७११६०५, ९८१८०१२७०१, ९८४१८०७२९८,९७६२८८४२१८
Email : cvsbrightfuturehrs@gmail.com
श्रम इजाजत नं. १६०२/०७९/०८०



**यूएईमा रोजगारको अवसर** | कम्पनी : EXPERTS PLUS RECRUITMENT SERVICES LLC शहरः UAE

पुर्व स्वीकृत मितिः २०८०/०८/११ चलानी नं.: ६०२१०६४५ LT. No.:294901

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 100 | 0 | स. काममा दक्ष | 1300 | ४७,०९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता चेमजोङ ट्रेनिङ सेन्टर बेलबारी मोरङमा २०८० मंसिर १६ गते (2 December 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले गर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा खर्च कसले गर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम खर्च कसले गर्ने | हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने | भिषा स्ट्याम्पीङ शुल्क कसले दिने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले दिने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | बिमा हुने/ प्रिमियम रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सेफल्याण्ड ओभरसिज प्रा. लि.
Office Address : Gongabu, Townplanning-26 Kathmandu, Nepal.
Itahari Address: Itahari 6, Aaitabarre, Sunsari.
Tel No.: 4380116, 4380115, 4353651 | Mobile No.: 9813199445
Belbari Morang Contact No: 9802010188/9818646567
Itahari Contact No: 9842264023 Puran Sir 9852048434/9808760617 (Bhupal Sir 025581312)
श्रम इ. पत्र नं. ७६७/०६४/०६५

# ललितपुर र पोखराको गोलरहित बराबरी




**काठमाडौं/मस-** नेपाल सुपर लिग एनएसएलमा ललितपुर सिटी एफसी र पोखरा थन्डर्सले बराबरी खेलेका छन् । बुधबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा ललितपुर र पोखराले गोल रहित बराबरी खेल्दै अंक बाँडेका हुन् । खेल अवधिभर दुवै टिमले अवसर सिर्जना गरेपनि गोल निकाल्न सकेनन् ।

खेलको पाँचौं मिनेटमा पोखराका स्टेफन अन्नोरको क्रसलाई ओमोलाजा करीमले क्लियर गरे । सातौं मिनेटमा पोखराका दिपेश आले मगरको बक्स बाहिर बाट लिएको प्रहर ललितपुर गोलकिपर जेफ्रि बाल्टुसले रोके ।

३८औं मिनेटमा करीमको बक्सको बायाँ हातबाट लिएको फ्रीकिक प्रहार फार-पोस्टको केही टाढाबाट बाहिरियो । ४३औं मिनेटमा आयुष घलानको क्रसमा मोसेसको हेडर बाहिरियो ।

५५औं मिनेटमा मोसेसले अर्को हेडर प्रयासमा पनि गोल गर्न सकेनन् । ५६औं मिनेटमा इजीलिएलले वान भर्सेस वान अवसर पाएका थिए तर दिनेश राजवंशीले बल क्लियर गरे ।

थपिएको समयको दोस्रो मिनेटमा संजीव विष्टको प्रहार करिमले क्लियर गरिदिए । आ-आफ्नो पहिलो खेलमा दुवै टोलीले जित निकालेका थिए । दुवै टिमले लिग तालिकामा २ खेलबाट ४ अंक जोडेका छन् ।

प्रतियोगिता अन्तर्गत बिहीबार धनगढी एफसी र बुटवल लुम्बिनी एफसीबीच प्रतिस्पर्धा हुने छ ।

# सेब र एन्जल लर्ड क्वाटरफाइनलमा



**काठमाडौं/मस-** सेब र एन्जल लर्ड नवौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा बुधबार क्वाटरफाइनलमा प्रवेश गरेका छन् । सेबले पिपुल्स एकेडेमीलाई ४५-२९ ले पराजित गऱ्यो । सेबको जितमा सुमित वज्राचार्यले १२ अंक योगदान गरे । रवि कार्कीको १० अंक सहयोगमा एन्जल लर्डले पुष्पसदनलाई ३५-३४ को झिनो अन्तरले हरायो ।

सिनियर ब्वाइजमै विल्सन एकेडेमीले माउन्ट ग्लोरीलाई ४२-१५, निसर्ग वाटिकाले बिग बुद्धलाई ४८-४१, आयोजक रेडियन्ट पब्लिकले एनआईसीलाई ४०-२१, ग्रिनफिल्डले ओएसिसलाई ४०-३६, ज्ञानोदयले सेन्ट्रल स्टेटलाई ३७-१४ र जेनिथले न्यु भिजन एकेडेमीलाई ३३-१४ ले पाखा लगाए । विल्सनका राजेश चौधरीले १८, निसर्गका अभनलाल श्रेष्ठले १६, रेडियन्टका लमिक योञ्जनले १९, ग्रिनफिल्डका अर्जुन बस्नेतले २०, ज्ञानोदयका दीपेश शाहीले १३ र जेनिथका अनिश गुरुङले ९ स्कोर गरे ।

# रेफ्री तथा कोच सेमिनार शुरु



**काठमाडौं/मस-** नेपाल कराते महासंघको आयोजनामा एसियाली कराते महासंघ (एकेएफ) रेफ्री तथा कोच सेमिनार बुधबारदेखि शुरु भएको छ । सेमिनारमा नेपाल, बंगलादेश, पाकिस्तान, भारत र श्रीलंका गरी ५ राष्ट्रको सहभागिता रहेको मिडिया संयोजक एवं आठौं दक्षिण एसियाली खेलकुदअन्तर्गत करातेका स्वर्ण विजेता रवि महर्जनले जनाएका छन् ।

सेमिनारमा नेपालबाट ८०, बंगलादेशबाट २६, पाकिस्तानबाट १, भारतबाट ४० र श्रीलंकाबाट ११ जना सहभागी छन् । सेमिनार एकेएफअन्तर्गत रेफ्री कमिसनका अध्यक्ष मन्सुर अल सुल्तान, सचिव माइकल हुवाङ तथा सदस्य अस्कर र जाबर तथा नेपाल कराते महासंघअन्तर्गत रेफ्री कमिसनका संयोजक प्रकाशमोहन धौवडेलले सञ्चालन गरिरहेका छन् ।

नेपाल कराते महासंघले आयोजना गर्ने सातौं दक्षिण एसियाली कराते च्याम्पियनसिपको पूर्व सन्ध्यामा सेमिनार आयोजना गरिएको हो । प्रतियोगिता त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा शनिबारदेखि सुरु हुँदै छ । गोदावरीको भ्यु भृकुटिमा भइरहेको सेमिनार बिहीबार सम्पन्न हुनेछ ।

# एनटीए लिग आजदेखि




**काठमाडौं/मस-** नेपाल तेक्वान्दो संघको आयोजनामा दोश्रो एनटीए लिग तेक्वान्दो प्रतियोगिता बिहीबारदेखि हुने भएको छ । प्रतियोगितामा पुम्से र ग्यरोगीमा जम्मा ७२ स्वर्णका लागि प्रतिस्पर्धा हुने आयोजक संघका उपाध्यक्ष भानबहादुर चन्दले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए । जम्मा ६५० खेलाडीको सहभागिता रहने तेक्वान्दो संघका सदस्य बब्लु सिवाकोटीले जानकारी गराए ।

आयोजकका अनुसार प्रतियोगिता सञ्चालन गर्न करिब ९ लाख रुपैयाँ खर्च हुनेछ । तीनदिने प्रतियोगिताका खेलहरु सातदोबाटोस्थित तेक्वान्दो हलमा हुनेछ ।

## पाँचौं युनिप्स खेल महोत्सवमा फुटबल, कबड्डी, खोखोका खेल शुरू

**पोखरा/मस-** पोखरामा जारी पाँचौं युनिप्स खेल महोत्सव अन्तर्गत बुधबार फुटबल, कबड्डी, खोखोका खेल शुरु भएका छन् । संस्थागत एवम् निजी विद्यालयहरुको छाता संस्था युनिप्स नेपालको आयोजनामा तेश्रो दिन छात्र मावीतर्फ फुटबल, छात्रा मावीतह खोखो र आधारभुत तह कक्षा १-५ अन्तर्गत छात्र/छात्रा कबड्डीका खेलहरु शुरु भएका हुन् ।

प्रतियोगितामा मावी छात्रतर्फ भएको फुटबलमा वेलनन एकेडेमी, स्माइल स्मल हेभन बोर्डिङ स्कुल, होली एन्जल र एकता अन्तिम चारमा प्रवेश गरेका छन् । प्रतियोगितामा फुटबलतर्फ १० टिमको सहभागिता रहेको थियो ।

वेलननले शिलसिला लाई ६-० र पिनाकललाई टाइब्रेकरमा ३-१ गोलले पराजित गर्दै सेमीफाइनल यात्रा शुरक्षित गरेको हो । त्यस्तै एकताले टाइब्रेकरमा कालिकालाई ४-३ र होली एन्जलले माउन्ट हेभनलाई ६-० ले र गेफलाई ३-१ गोलले पराजित गरि सेमीफाइनलमा प्रवेश गरेको छ । फुटबलको सेमीफाइनल खेल बिहीबार सञ्चालन हुने आयोजकले जनाएको छ । त्यस्तै मावी छात्रतर्फ भएको खोखो प्रतियोगितामा कालिका इङलिश सेकेण्डरी प्रथम, एकता दोश्रो, वेलनन तेश्रो र शिलसिला चौथो भएको छ । कालिकाले फाइनलमा एकतालाई १३-७ अंकले पराजित गर्न सफल भएको हो ।

आधारभूत तह (कक्षा १-५) छात्र/छात्रा कबड्डी अन्तर्गत आज पहिलो चरणका खेलहरु सम्पन्न भएको पाँचौं युनिप्स खेलकुद महोत्सव उपसमितिका संयोजक विनोद कुमार नेपालीले जानकारी दिए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०८/२२ मा दर्ता भएको **प्रा.लि. नं. ३०३३१६** को **स्यामुल इन्भाइरोमेन्टल रिसर्च प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शिवपुरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शेराबगर, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**प्राबिधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०८/१४)**

यस कार्यालयबाट मिति २०८०।०६।२३ गते हिमालय टाईम्स राष्ट्रिय दैनिक तथा PPMO को E-Procurement Portal मा समेत प्रकाशित सुचना अनुसार रितपुर्बक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरुको प्राबिधिक प्रस्ताव मुल्यांकन गर्दा देहाय बमोजिमको बोलापत्रहरु सारभूतरुपमा प्रभाबग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम, सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) ५ बमोजिम तपशिल बमोजिमको मिति समय र स्थानमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राबिधिक प्रस्ताव स्वीकृतिको लागि छनौट भएको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल :**

| सि. नं. | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्र दाताहरुको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|
| १ | SRM/NCB/WORKS/080-081/01 | Pudi Bhanjyang 4no wada kaaryaalaya, Dhungedanda Prabidhik Sikshyalaya Naya Pul Hundai Lokmarga Sadak | JV Name : Kalika-Durga Laxmi-Dupcheshwor J/V, Baneshwor-10, Kathmandu | **मितिः** २०८०/०८/२१ गते **समयः** दिउँसो १२:०० बजे **स्थानः** शिवपुरी गाउँ कार्यपालिकाको कार्यालय, शेराबगर नुवाकोट |
| २ | SRM/NCB/WORKS/080-081/02 | Sikre Dhakal Ghar Bishnudevi Mandir Hiti Dhara Hundai Gopi Khola Sadak Staronnati | JV Name : Akalapuri-Kalika-Dupcheshwor J/V, Baneshwor-10, Kathmandu | |

**प्रमुख प्रशासकीय अधिकृत**

*"पर्यटकीय नगरी "*

**सूर्योदय नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फिक्कल, इलाम**
**कोशी प्रदेश, नेपाल**

**सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८०/०८/१४)**

यस कार्यालयबाट तपसिल बमोजिमका विभिन्न निर्माण कार्यको लागि मिति २०८०/०६/१७ मा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका सिलबन्दी बोलपत्रहरू मध्ये तपसिलमा उल्लेख भएका बोलपत्रहरू न्यून मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| Contract ID : | Description of Work : | Lowest Evaluated Substantially Responsive Bidder's Name and Address: | Bid Price in NRs. (Including VAT and PS) : |
|---|---|---|---|
| SUMO/ILAM/NCB/WORKS12-080/081 | Upgrading of Pokhari Doctor Gaun Rong Road Phase V(Sayapatri Krishi Marga) | Kanchanjungha Nirman Sewa and Suppliers Pvt. Ltd, Suryodaya Municipality-10, Ilam | 3,189,021.25 |
| SUMO/ILAM/NCB/WORKS13-80/081 | Upgrading of Biring Souryabhir Road | Raj Prajjwal Suppliers and Construction Pvt Ltd, Ilam municipality-08 | 2,967,514.42 |
| SUMO/ILAM/NCB/WORKS14-080/081 | Upgrading of Batase Bhanjyang Health Post2 Jimikhad Bhuteni Ghatta Bazar Road Phase VI | Bhojka Nirman Sewa, Arjundhara Municipality-11,Jhapa | 3,504,106.05 |
| SUMO/ILAM/NCB/WORKS15-080/081 | Upgrading of Manebhanjyang Chowk Deurali Bagbire Mahadev Sthan Road Phase VI | Bikalpa Nirman Sewa and Suppliers Pvt Ltd, Maijogmai-06 | 3,308,357.62 |
| SUMO/ILAM/NCB/WORKS16-080/081 | Upgrading of Rampath Buddhapark Kattebung Road Phase V | Enjes Construction Pvt Ltd, Suryodaya municipality-10 | 3,156,019.72 |
| SUMO/ILAM/NCB/WORKS17-080/081 | Upgrading of Fikkal Sahid Chowk Ratna Chowk Sangam Tole Road Phase VI | Bikalpa Nirman Sewa and Suppliers Pvt Ltd, Maijogmai-06 | 3,269,906.65 |
| SUMO/ILAM/NCB/WORKS18-080/081 | Upgrading of Mahendrabesi gole danda shanti bajar samalbung ma.bi.subba gaun lamba gaunda road (Gole danda mahendrabesi segment) Phase II | Enjes Construction Pvt Ltd, Suryodaya municipality-10 | 3,336,540.61 |
| SUMO/ILAM/NCB/WORKS19-080/081 | Blacktopping works at Barbote Gairigaun Road Phase III | Raj Prajjwal Suppliers and Construction Pvt Ltd,Ilam municipality-09 | 3,426,600.7 |
| SUMO/ILAM/NCB/WORKS20-080/081 | Construction of Ambikhola Diversion Works | Prabin Nirman Sewa, Ilam municipality-07 | 1,675,144.53 |
| SUMO/ILAM/NCB/WORKS21-080/081 | Upgrading of Dhap Sanischare Road Phase I | K.K. Construction., Suryodaya Municipality-10, Ilam | 1,125,711.98 |
| SUMO/ILAM/NCB/WORKS22-080/081 | RCC Pavement Works at Fikkal Hospital Chipitar Road Phase II | Enjes Construction Pvt Ltd, Suryodaya municipality-10 | 1,900,590.83 |
| SUMO/ILAM/NCB/WORKS23-080/081 | Upgrading of Bhanjyang Summer Valley Shanti Bazar Lama Golai Gole Danda Road Phase II | Tribenii Construction, Ilam municipality-07, Ilam | 1,766,822.00 |
| SUMO/ILAM/NCB/WORKS24-080/081 | Upgrading of Rechimod Gorkhe Manglebare Manebhayang Road (Odhrikhola Segment Phase VI) | Raj Prajjwal Suppliers and Construction Pvt Ltd,Ilam municipality-09 | 3,577,778.21 |
| SUMO/ILAM/NCB/WORKS25-080/081 | Maintainence and Colouring works of Various Ward Offices and Health centers within Suryodaya Municipality | K.K. Construction., Suryodaya Municipality-10, Ilam | 1,484,930.73 |
| SUMO/ILAM/NCB/WORKS26-080/081 | Construction of Citizen Assistance Center at Suryodaya municipality office and meeting hall at Suryodaya municipality-02 | Nasip Nirman Sewa, Ilam municipality-04 | 2,357,413.34 |

**प्रमुख प्रशासकीय अधिकृत**

आर्थिक
www.madhyanhadaily.com
गो.द.का.द.नं. ३३/०६९/०७०
१४ मंसिर २०८०, बिहीबार
30 November 2023, Thursday

**लघुवित्त विरोधी अभियानको प्रभाव**

# लघुवित्तहरु नोक्सानीतर्फ

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १३ मंसिर ।

लघुवित्तहरुले ऋणीहरुमाथि शोषण गरेको भन्दै मनीराम ज्ञवाली र दुर्गा प्रसाईंले अभियान नै सञ्चालन गरे । कतिपय समूहद्वारा लघुवित्तका कर्मचारीहरुमाथि कालोमोसो दल्ने र कुटपिट गर्ने काम पनि भयो । विभिन्न अभियानले लघुवित्तको कर्जा नतिर्न आह्वान गर्नुका साथै लघुवित्त संस्था खारेज र कर्जा मिनाह गर्न सरकारसँग माग समेत राखे । लघुवित्त विरोधी अभियानको प्रभाव समग्र लघुवित्त क्षेत्रमा परेको छ। जसकारण चालु आर्थिक वर्षको पहिलो त्रैमासमा लघुवित्तहरुको नाफामा ठूलो गिरावट आएको छ ।



चालु आर्थिक वर्ष २०८०/८१ को असोजसम्म डेढ दर्जन लघुवित्त वित्तीय संस्थाहरूले साढे ६६ करोड रुपैयाँ नोक्सानी बेहोरेका छन् । वित्तीय विवरण सार्वजनिक गरेका लघुवित्तहरूमध्ये १८ वटा लघुवित्तलाई ६६ करोड ५८ लाख रुपैयाँ नोक्सानी भएको देखिएको छ । गत वर्षको असोज मसान्तसम्म १२ वटा लघुवित्तले १२ करोड ८४ लाख रुपैयाँ नोक्सानी बेहोर्नु परेको थियो। चालु वर्षमा लघुवित्तको संख्यासँगै नोक्सानी रकम पनि बढेको हो ।

चालु आर्थिक वर्ष २०८०/८१को असोजसम्म लघुवित्त संस्थाहरूको खुद नाफा ६५.१० प्रतिशत घटेर ५३ करोड २१ लाख रुपैयाँमात्रै आर्जन गरेका छन् । जबकि, गत वर्षको सोही अवधिमा १ अर्ब ५२ करोड ५१ लाख रुपैयाँ नाफा गरेका थिए। खराब कर्जा अनुपात बढ्दा लघुवित्त कम्पनीहरुले थुप्रै रकम प्रोभिजन गर्नुपरेको छ । जसको सीधा असर यिनीहरुको खुद नाफामा परेको हो। यस्तो अवस्था पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरुमा पनि सोही समस्या देखिएको छ ।

नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाका समस्या र समाधानसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरेको छ। लघुवित्त क्षेत्रमा समस्या बढ्दै गएर ऋणीहरु आन्दोलनमा उत्रिएपछि राष्ट्र बैंक सञ्चालक समितिले गत फागुन १० गते आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा प्रकाशकुमार श्रेष्ठको संयोजकत्वमा सात सदस्यीय अध्ययन समिति गठन गरेर सो प्रतिवेदन तयार गरेको हो ।

प्रतिवेदनमा लघुवित्त क्षेत्रमा देखिएका समस्या समाधान गर्न विभिन्न २० मुख्य क्षेत्रमा केन्द्रित रहेर एक सय ८१ वटा सुझाव रहेका छन् । अध्ययन समितिले प्रतिवेदनमार्फत् लघुवित्त क्षेत्रका विद्यमान समस्या समाधानका लागि सुझावसमेत दिएको छ । प्रतिवेदनले कूल २० वटा मुख्य विषयवस्तुमा एक सय ८१ भन्दा बढी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सुझाव दिएको हो। मुख्यगरी कर्जासम्बन्धी व्यवस्था, ब्याजदर, लघुकर्जा तथा लक्षित वर्ग, पुँजीकोष, कर्जा नोक्सानी, ग्राहक संरक्षण, आन्तरिक नियन्त्रणलगायतका क्षेत्रलाई समेटेर सुझाव दिइएको छ ।

# इप्पानको कार्यकारी प्रमुखमा गौतम नियुक्त

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, १३ मंसिर



स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)को कार्यकारी प्रमुखमा भीम प्रसाद गौतम नियुक्त भएका छन् । ऊर्जा उत्पादकहरुको छाता संस्था इप्पानले गौतमलाई तीन वर्षका लागि प्रमुख कार्यकारीमा नियुक्त गरेको हो ।

इप्पानका अध्यक्ष गणेश कार्कीले गौतमलाई प्रमुख कार्यकारीको रुपमा इप्पानमा स्वागत गर्दै गौतमको कार्यकालमा इप्पानले नयाँ उचाई हासिल गर्ने विश्वास व्यक्त गरेका छन् । इप्पानका नवनियुक्त प्रमुख कार्यकारी गौतमले पनि इप्पानलाई नयाँ उचाइमा लैजान आफ्नो शतप्रतिशत प्रयास रहने बताए ।

गौतमसँग दुई दशक लामो पत्रकारिताको अनुभवको साथै पछिल्लो १५ वर्षदेखि ऊर्जा र पूर्वाधार क्षेत्रका विविध मुद्दामा कलम चलाउँदै आएका थिए। नेपाल आर्थिक पत्रकार समाज (सेजन) का पूर्व अध्यक्ष समेत रहेका गौतमले राजधानी दैनिक, सौर्य दैनिक, रेडियो नेपाल, इमेज च्यानल, नेपाल वान च्यानल, कारोबार दैनिक हुँदै पछिल्लो समय नेपाल पूर्वाधार डटकममा सम्पादकीयको काम सम्हालदै आएका थिए ।

काठमाडौंको नयाँ बानेश्वर स्थित सेफर्ड कलेजमा पत्रकारिता अध्यापन गराउँदै आएका गौतम अनुसन्धान गर्ने संस्था सिआरआई नेपालका कार्यकारी निर्देशक समेत थिए । उनले त्रिभुवन विश्वविद्यालयबाट पत्रकारिता विषयमै एमफिल गरेका हुन् ।

# पुतलीबजारमा सानिमा बैंकको शाखा

**काठमाडौं/मस** – सानिमा बैंक लिमिटेडले स्याङ्जाको पुतलीबजारमा शाखा स्थापना गरेको छ। उक्त शाखा कार्यालयको उद्घाटन ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, बैंकका सञ्चालक रमेशकुमार पोखरेल तथा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेले संयुक्त रुपमा गरेका हुन् ।



समारोहमा कलाकार श्रेष्ठले सबल अनि विश्वसनीय बैंकको रुपमा निरन्तर विस्तार हुन र थप सफलताको लागि शुभकामना व्यक्त गरे । सञ्चालक रमेशकुमार पोखरेलले सानिमा बैंकलाई विश्वास गरि सबल अनि विश्वसनीय बैंकको रुपमा स्थापित हुन सहयोग गर्ने ग्रहाक तथा सरोकारवालालाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरे ।

त्यसैगरी उक्त कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत पाण्डेले स्याङ्जा जिल्लामा शाखा स्थापना गरेर बैंकले स्थानीयलाई विश्वसनीय एवम स्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे । योसँगै सानिमा बैंकका १३३ वटा शाखा कार्यालय भएका छन्। बैंकका १२३ वटा एटीएम छन्।

# प्रभु क्यापिटल र एन्ट फाउण्डेसनबीच सम्झौता

**काठमाडौं/मस** – प्रभु क्यापिटल लिमिटेड र एन्ट फाउण्डेसनबीच समझदारी पत्रमा सम्झौता भएको छ । नोभेम्बर २८ मा एन्ट फाउण्डेसनको 'नो सेभ नोभेम्बर-फेसन फर अ कज', क्यान्सर सम्बन्धी चेतनामुलक कार्यक्रममा आफ्नो ऐक्यबद्धता जनाउँदै सो फाउण्डेसनलाई सामाजिक उत्तरदायित्व कोष मार्फत् आर्थिक सहयोग गरी सो क्याम्पेन बिचमा एकआपसमा सहकार्यको सम्झौता गरेका छन् । प्रभु क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत आशीष गौचन र एन्ट फाउण्डेसनका फाउन्डर प्रशान्त ताम्राकारले हस्ताक्षर गरी समझौतापत्र आदानप्रदान गरे ।




सम्झौतामा प्रभु क्यापिटलले लगानी व्यवस्थापन सेवा अर्न्तगतको प्रोडक्टहरु मध्ये 'प्रभु ऐश्वर्या योजना' मा आबद्ध हुने महिला दिदीबहिनीहरुबाट क्यापिटललाई प्राप्त भएको पहिलो वर्षको वार्षिक सेवा शुल्क बाट ५० प्रतिशत सेवा शुल्क बराबरको रकम साथै, सो योजनाबाट प्राप्त हुने मुनाफाबाट २० प्रतिशत बराबरको रकम फाउण्डेसनलाई महिला सशक्तिकरण तथा महिलामा हुने स्तन क्यान्सर सम्बन्धी सचेतनामूलक कार्यक्रमका लागि सामाजिक सुरक्षा दायित्व अर्न्तगत प्रभु क्यापिटलले सहयोग गर्ने जनाएको छ ।

महिलाहरुलाई केन्द्रित गरी सञ्चालित यो लगानी व्यवस्थापन सेवामा महिला ग्राहकहरुले न्यूनतम तीन लाखबाट लगानी व्यवस्थापन सेवा शुरु गर्न सक्ने क्यापिटलले उल्लेख गरेको छ । 'महिलाहरुलाई आर्थिक रुपले सबल बनाउनु भनेको समाजलाई नै सशक्त बनाउनु हो' भन्ने अवधारणा लिई प्रभु क्यापिटलले सञ्चालनमा ल्याएको यो 'प्रभु ऐश्वर्या योजना' तथा एन्ट फाउण्डेसन दुबैले महिलाहरुको आर्थिक तथा वित्तीय स्वतन्त्रतामा समेत केन्द्रित रही कार्यक्रम गर्ने हुदाँ दुवै संस्थाको उद्येश्यमा एकरुपता देखिएकाले यो सम्झौता गरेका हौं', प्रभु क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत आशीष गौचनले भने ।

# कोशी प्रदेशको बजेट पारित

**विराटनगर/रासस** - कोशी प्रदेशको आर्थिक वर्ष २०८०/८१ को बजेट विधेयक पारित भएको छ । कोशी प्रदेशसभाको बुधबार बसेको बैठकमा 'आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' सर्वसम्मतले पारित गरेको हो ।




'कोशी प्रदेश आर्थिक अध्यादेश, २०८०' लाई प्रतिस्थापन गर्न बनेको 'कोशी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८०' र कोशी प्रदेश विनियोजन अध्यादेश, २०८०' लाई प्रतिस्थापन गर्न बनेको 'आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' लाई पारित गर्न मुख्यमन्त्री केदार कार्कीले पारित गरियोस् भनी प्रस्ताव पेश गरेका थिए ।

प्रस्तावित प्रस्तावलाई सभाध्यक्ष हाजी इसराई मन्सुरीले निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मले पारित भएको हो । यही मङ्सिर ९ गते सदनमा पेश भएको सो प्रस्तावमाथि लगातार दुई दिन ३१ प्रदेशसभाका सदस्यले छलफलमा भाग लिई आ-आफ्ना सुझाव दिएका थिए ।

सो प्रस्तावमा खर्च कटौतीका लागि आठ प्रदेशसभा सदस्यले दर्ता गरेका प्रस्तावमा सामान्य मत राखि उक्त प्रस्ताव फिर्ता लिएका थिए। खर्च कटौतीका लागि रेवतीरमण भण्डारी, विदुरकुमार लिंथेप, किशोरचन्द्र दुलाल, तिलचन्द पाठक, कमला दर्नाल, भक्तिप्रसाद सिटौला, गोपालबहादुर विश्वकर्मा र निरन राईले दिएका मन्तव्यमा मुख्यमन्त्री कार्कीले सङ्घीयतालाई दरिलो र कसिलो बनाउन संसद्मा गहन बहस र छलफल हुनु आवश्यक रहेको बताए । उनले विनियोजन विधेयकमा कुनै समस्या वा त्रुटि देखिएमा त्यसलाई सुधार गर्ने सरकारसँग सुविधा रहेको प्रतिबद्धता जनाएपछि खर्च कटौतीको प्रस्ताव फिर्ता भएको थियो ।

यसैगरी, कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन समेत)को नियम ९४(१)(ख) बमोजिम 'स्थानीय सेवाको गठन सञ्चालन तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, 'संशोधनसहित दफावार छलफलका लागि न्याय, प्रशासन तथा विधान समितिमा पठाइएको सभाध्यक्ष मन्सुरीले जानकारी दिए। कोशी प्रदेशसभाको अर्को बैठक यही मङ्सिर १९ गते दिउँसो १ बजे बस्नेछ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५


**खोटेहाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खोटाङबजार, खोटाङ**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८०/०८/१४**

यस कार्यालयबाट मिति २०८०/०६/१४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (KRM/Works/NCB-01/2080-81), (KRM/Works/NCB-02/2080-81) र (KRM/Works/NCB-03/2080-81 को सूचना अनुसार E-Bid मार्फत तोकियको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरुमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएकोले निजले पेश गरेको आर्थिक प्रस्ताव E-Bid मार्फत मिति २०८०/०८/२१ गते १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौं संशोधन सहित) को नियम ३१ (ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाता |
|---|---|---|
| KRM/Works/ NCB-01/2080-81 | Khotang Pamakham Bhanjyang Sadak Sanrachana Nirman Khotehang 3,4 and 7 | i. K & S Analaxmi Nirman Sewa Pvt.Ltd.<br>ii. Ma Pokhariya Nitesh JV<br>iii. D.C/ Ambika JV<br>iv. Awai-Shuva and Dhurba JV.<br>v. Sagarmatha Construction.<br>vi. Bhusnamchha Construction.<br>vii. Chamunda-Indra Laxmi JV<br>viii. deupur/J.B.T.M. JV<br>ix. Dobhan/Pole Star JV |
| KRM/Works/ NCB-02/2080-81 | Sawa Khola Motorable Bridge Khotehang 2 and 3 | i. Awai-Shuva and Dhurba-Shyam JV.<br>ii. B.K.S.K/ R.K/Upper Tamakoshi JV.<br>iii. B.P.-Saktikunda-Mamata JV. |
| KRM/Works/ NCB-03/2080-81 | Rasuwa Pandhare Sadak Sanrachana Nirman Khotehang 6 and 8 | i. K & S Analaxmi Nirman Sewa Pvt.Ltd.<br>ii. K and J Construction Pvt.Ltd.<br>iii. D.C/ Ambika JV<br>iv. Dobhan Nirman Sewa Pvt.Ltd.<br>v. Chamunda-Indra Laxmi JV<br>vi. deupur/J.B.T.M. JV |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**